# कार्यकारी समितिको ९५ औं बैठकको निर्णयहरु
## (मिति २०७४/[illegible] गते बिहिबार)

**निर्णय नं. १**

भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माणको कार्यलाई थप तीव्रता दिन तथा भूकम्पबाट प्रभावित क्षेत्रमा प्राधिकरणबाट भए गरेका कामकारवाहीमा समन्वय र सहजीकरण गर्नका लागि तपसिल बमोजिमको जिल्ला पुनर्निर्माण सहजीकरण समिति गठन गर्ने ।

**तपसिलः**

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | - संयोजक |
| प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | - सदस्य |
| जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय | - सदस्य |
| मालपोत अधिकृत, जिल्ला मालपोत कार्यालय | - सदस्य |
| नापी अधिकृत, नापी कार्यालय | - सदस्य |
| आयोजना प्रमुख, जिल्ला आयोजना कार्यान्वयन इकाई (सहरी विकास मन्त्रालय) | - सदस्य |
| आयोजना प्रमुख, जिल्ला आयोजना कार्यान्वयन इकाई (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय) | - सदस्य |
| प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, | - सदस्य |
| कार्यालय प्रमुख, जिल्ला समन्वय समितिको सचिवालय, रा.पु.प्रा. | -सदस्य सचिव |

समितिले आवश्यक्ता अनुसार भूकम्प सम्बन्धी कारोवार गर्ने बैंक तथा अन्य सम्बन्धित विषय विज्ञहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

**निर्णय नं. २**

छुट भएका भूकम्प पीडितहरुको पुनर्जाँच तथा पुनर्सर्भेक्षण सम्बन्धमा आवश्यक गृहकार्य गरी सो सम्बन्धी कार्यविधि निर्माण गरी प्रस्ताव स्वीकृतिका लागि कार्यकारी समितिमा पेश गर्न नीति, अनुगमन, समन्वय तथा सामाजिक विकास महाशाखालाई निर्देशन दिने ।

**निर्णय नं. ३**

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७२ बमोजिम प्राधिकरणसँग प्रति लाभग्राही रु. २ लाख वा गैरसरकारी संस्थाहरुको परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा ७(३) को व्यवस्था बमोजिम थप ५० हजार रुपैयाँ गरी जम्मा २ लाख ५० हजार रुपैयाँ उपलब्ध गराउन त्रिपक्षीय सम्झौता भएका सम्बन्धित संस्थाहरुलाई नेपाल सरकारको निर्णयले वृद्धि हुन गएको रु. १ लाखको व्यवस्थापन गर्न अनुरोध गर्ने र सो अनुसार साझेदार संस्थाले रकम उपलब्ध गराउन नसकेमा नपुग रकम प्राधिकरणकै बजेटबाट उपलब्ध गराउने ।

**निर्णय नं. ४**

भूकम्प प्रभावित जिल्लाका लाभग्राहीहरुको सूचीमा परी पहिलो किस्ता लिएका लाभग्राही मध्ये आफनो बैकल्पिक व्यवस्था भएकोले सरकारी अनुदान नचाहिने भनी आफूले लिएको रु ५०,०००।– फिर्ता गर्ने लाभग्राहीहरुलाई धन्यवाद दिने साथै सो विषयमा आवश्यक निर्णय लिन प्राधिकरणका सचिव श्री मधुसुदन अधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने ।

सचिव

## निर्णय नं. ५

भूकम्प पश्चात्को पुनर्निर्माणका लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि २०७२ को दफा (९) बमोजिम समबन्धित कार्यकारी समिति सदस्यको सिफारिश भई आएका संलग्न परियोजना प्रस्तावहरु तोकिएको मापदण्ड भित्र रही सम्बन्धित स्थानीय तहसंग समन्वय गरी कार्यान्वयन गर्न स्वीकृति दिने ।

| क्र. स. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजना को क्षेत्र | परियोजना बिवरण | परियोजना कार्यान्वयन हुने स्थान | राय | बजेट | | | परियोजना अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | |
| १ | Chandra Gurung Conservation Foundation | Building Back Better-Post Earthquake Rebuilding Project | शिक्षा | जनसेवा आधारभूत बिद्यालयको ४ कोठे भवन निर्माण गर्ने । | धार्चे गाँउपालिका वडा नं ५, गोरखा | | ०<br>० प्रतिशत | ७३,४०२९८।९७<br>१०० प्रतिशत | ७३,४०२९८।९७ | २०१९ सेप्टेम्वर |
| २ | Shanti Volunteer Association | Strengthening Resilience of Earthquake Affected Schools | शिक्षा | महेन्द्र आधारभूत बिद्यालय को ६ कोठे भवन (१,३७,५७,४९५।०००)<br>सरस्वति आधारभूत बिद्यालयको ५ कोठे भवन (८६,६९,६१५।००)<br>जयबुद्ध आधारभूत बिद्यालयको ८ कोठे भवन (१,४५,१८,२९०।००) | शिवपुरी ८, नुवाकोट<br>बेलकोटगढी न.पा. १०, नुवाकोट<br>किस्पाङ ५, नुवाकोट | विज्ञ सदस्य डा. श्री चन्द्र बहादुर श्रेष्ठ | ५५,०८,०३९।००<br>१०।०० प्रतिशत | ५,०१,२९,२९७।०० प्रतिशत | ५,५६,३७,३३६।०० | २०७५।०८।२९ |